# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

# चौंथो वार्षिक साधारण सभा

## मितिः २०६६ साल आषाढ १९ गते शुक्रबार
## (जुलाई ०३, २००९)

# सभाको विवरण तथा छलफल र निर्णयको माइन्युट


**रजिष्टर्ड कार्यालयः**
पो.ब.नं. २३१००, त्रिदेवीमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ४४११७०७,
फ्याक्स नं.: ४४११६९२
Email: cs@lgic.com.np

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## चौथो बार्षिक साधारण सभाको विवरण<br>तथा छलफल र निर्णयको माइन्युट

कम्पनीको चौथो बार्षिक साधारण सभाको विवरण तथा छलफल र निर्णयको माइन्युट देहाय बमोजिम प्रस्तुत गरिएको छः

सभाको प्रारम्भमा कम्पनी सचिवबाट उपस्थित सबैलाई उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्दै स्वागत गरियो ।

**सभाको सूचना:**

सभाको सूचनाको सम्बन्धमा कम्पनी सचिवबाट निम्न जानकारी गराइयोः

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको चौथो बार्षिक साधारण सभाको सूचना साथै सञ्चालक समितिको आ.ब. २०६४/६५ को चौथो वार्षिक प्रतिवेदन र सोही अवधिको लेखापरीक्षकले प्रमाणित गरेको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण शेयरधनीहरूको ठेगानामा पठाइएको थियो । उक्त सभा बस्ने मिति, स्थान, समय र छलफल हुने बिषयहरूको सूचना शेयरधनीहरूको जानकारीको लागि मितिः २०६६ साल जेष्ठ २९ गतेको गोरखापत्र र जेष्ठ ३० गतेको नेपाल समाचारपत्रमा प्रकाशित गरिएको थियो । यसको साथै उल्लेखित विवरणहरू कम्पनीको वेभसाइटमा राखि हेर्न वा प्राप्त गर्न सकिने व्यबस्था गरिएको थियो ।

**सभाको मिति, समय र स्थान:**

मितिः  २०६६ साल आषाढ १९ गते शुक्रबार (तदानुसार जुलाई ०३, २००९)

समयः बिहान १२:०० बजे शुरू भई अपरान्ह २:३० बजे सम्पन्न भएको,

स्थानः रसियन कल्चर सेन्टर, कमलपोखरी, काठमाडौं ।

**उपस्थिति:**

क)  **सञ्चालकहरू:**

| | | |
|---|---|---|
| १. | श्री हिमालय शमशेर ज.ब.राणा | अध्यक्ष |
| २. | श्री चिन्तामणि भट्टराई | सञ्चालक |
| ३. | श्री मनोहर दास मुल | सञ्चालक |
| ४. | श्री शङ्कर घिमिरे | सञ्चालक |
| ५. | श्री सुरेश प्रजापति | सञ्चालक |

६. श्री प्रताप कुमार आचार्य सञ्चालक

ख) **जम्मा शेयरधनीहरूको उपस्थिति संख्या:** ५३ (त्रिपन्न)

ग) **पर्यवेक्षक उपस्थिति:**

१. श्री बसन्त पुरी, प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय,

२. श्री दिपक मैनाली, प्रतिनिधि, टि.आर. उपाध्याय एण्ड कम्पनी (लेखापरीक्षक)।

घ) **कम्पनीका अन्य पदाधिकारीहरूको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर भडेल | महाप्रबन्धक |
| २. | श्री प्रकाशमान तुलाधर | नायब महाप्रबन्धक |
| ३. | श्री बिनोद काजी श्रेष्ठ | नायव महाप्रबन्धक |
| ४. | श्री बिजेन्द्रमान जोशी | आन्तरिक लेखापरीक्षक |
| ५. | श्री इन्द्र बहादुर गुरूङ्ग | बरिष्ठ प्रबन्धक, बित्त बिभाग |
| ६. | श्री कृष्ण प्रसाद दवाडी | प्रबन्धक, अण्डरराइटिङ्ग बिभाग |
| ७. | श्रीमती करूणा मानन्धर | प्रबन्धक, दावी बिभाग |
| ८. | श्री देवेन्द्र कोइराला | कम्पनी सचिव |

**गणपुरक संख्या:** (कम्पनीको नियमावलीको नियम (५) अनुरूप):

| विवरण | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|
| उपस्थित शेयरधनी संख्या | ५३ | ५५ प्रतिशत |
| शेयर कित्ता | ६,८७,६२० | |

## सभाको बैधानिकता र सभाको अध्यक्षता:

क) कम्पनीको नियमावलीको नियम ५ मा व्यबस्था भए बमोजिम कम्पनीको बांडफांड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी जम्मा शेयरधनीहरू मध्ये कम्तीमा १० जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पूरा हुने उल्लेख गरिएकोमा प्रस्तुत साधारण सभामा हांजिरी जनाउने शेयरधनीहरूको संख्या ५३ भएको र सो उपस्थितिले कम्पनीको बाँडफांड भएको कूल १२ लाख ५० हजार कित्ता शेयरमध्ये ६,८७,६२० कित्ता अर्थात ५५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुंदा सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सभा वैधानिक भएको घोषणा कम्पनी सचिवबाट गरियो।

ख) तत्पश्चात सञ्चालक समितिका अध्यक्ष श्री हिमालय शमशेर ज.ब. राणाज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी बार्षिक साधारण सभाको निर्धारित कार्यक्रम शुरू गर्न कम्पनी सचिवबाट अनुरोध गरियो ।

ग) अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्दै सबै शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिका सदस्यहरूको परिचय गराउनु भयो र सभामा उपस्थित सबैलाई स्वागत गर्नुभयो ।

सभाको लागि प्रस्तुत बिषय सूचिहरूमाथि प्रवेश गर्नु अगाडि अध्यक्षज्यूले वार्षिक साधारण सभा आयोजना गर्न भएको ढिलाईको बारेमा प्रकाश पार्नुभयो । सभा आयोजना गर्न कम्पनीको आन्तरिक कारणबारे प्रकाश पार्दै वित्तीय विवरण लेखापरीक्षणको समयमा वित्त बिभागका प्रमुख अचानक बिमारी भई अस्पताल भर्ना हुनुपरेको र उहांको सट्टामा नवनियुक्त आन्तरिक लेखापरीक्षकले जिम्मेवारी ग्रहण गरी काम गर्दा केहि समय लाग्न गएको जानकारी गराउनुभयो ।

कम्पनीको आन्तरिक कारणबाटभन्दा पनि यस पटक बीमा समितिले बीमा कम्पनीको वित्तीय विवरण अत्यन्तै मिहीन तरिकाबाट जांजबुझ गर्ने परिपाटी थालेको र यसको कारणबाट वित्तीय विवरण स्वीकृत हुन समय लाग्ने भएपनि बीमा समितिको यो काम अत्यन्तै सकारात्मक भएको, यसबाट बीमा कम्पनीहरूलाई आफ्नो हरहिसाव चुस्त, दुरूस्त राख्न निकै सहयोग पुऱ्याएको धारणा अध्यक्षज्यूले सभासमक्ष व्यक्त गर्नुभयो । यस कम्पनीले २०६५ साल फाल्गुण २९ गते वासलात अनुमोदन गरी चैत्र ०४ गते बीमा समितिमा प्रस्तुत गरेकोमा २०६६ साल जेष्ठ २१ गते आएर स्वीकृति प्राप्त गरेको र अझैपनि गत आषाढ १५ गतेसम्ममा ७ कम्पनीको वित्तीय विवरण बीमा समितिबाट स्वीकृत हुन बांकी रहेको जानकारी आफुले पाएको कुरा सभालाई अवगत गराउनुभयो ।

## छलफलका बिषय सूचिहरू:

क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन,

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन,

ग) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५.२६% नगद लाभांश अनुमोदन,

घ) आ.ब. २०६५/६६ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक,

ङ) बिबिध ।

## क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन:

सभाको अनुमति लिई अध्यक्षज्यूले सञ्चालक समितिको आ.ब. २०६४/६५ को चौंथो वार्षिक प्रतिवेदनको मुख्य मुख्य बुंदाहरूमा प्रकाश पार्नुभयो र कम्पनीको वार्षिक

प्रतिवेदनमा उल्लेख गरिएको चालु आ.ब. २०६५/६६ को जेष्ठ मसान्तसम्मको कारोवारको सम्बन्धमा जानकारी गराउनुभयो । धेरै बीमा कम्पनीहरूको बीचमा बिबिध चुनौतिहरूको सामना गर्दै यस कम्पनी अगाडि बढ्न सफल भएको र यसको सफलताको लागि ग्राहकवर्ग, शेयरधनीहरूको विश्वास, कम्पनीको व्यवस्थापन कार्यकुशलताको कारणबाट हामीहरूले सन्तोषजनक उपलब्धी हांसिल गर्न सक्षम भएको मन्तव्य सभापतिज्यूले राख्नुभयो । बजारमा देखिएको कठोर र अस्वस्थ प्रतिप्रर्धाको सामना गर्नु निकै चुनौतिपूर्ण रहेको भएपनि हामीले आफ्नो अलग्गै पहिचान कायम गरी आफ्नो काम कारवाही अगाडि बढाउने प्रयास गरिरहेको जानकारी गराउनुभयो । आ.ब. २०६३/६४ को तुलनामा आ.ब. २०६४/६५ मा १५% भन्दा बढि बीमाशुल्क आर्जन भएको र कूल आम्दानी २९.४४% ले बृद्धि गर्न कम्पनी सफल भएको जानकारी गराउनुभयो ।

समीक्षा बर्षको तुलनामा चालु आ.ब. ०६५/६६ को नौ महिनाको अवधीमा बीमाशुल्क आर्जनमा ११.८८% ले कमी हुन आएको कारणको बिषयमा प्रकाश पार्दै अध्यक्षज्यूले बीमा कम्पनीहरूको बीमाशुल्क आम्दानीको प्रमुख श्रोत मोटरगाडीहरूको बीमा रहेको र बिशेष गरी यातायात व्यवसायी समितिहरू मार्फत गरिने सार्वजनिक सवारी साधनहरूको बीमा गर्दा एकमुष्ठ धेरै बीमाशुल्क प्राप्त हुने भएपनि त्यस्ता सवारी साधनहरूमा धेरै संख्यामा दावीहरू पर्ने, दावीको सिलसिलामा बिभिन्न दवावहरूको सामना गर्नुपर्ने कारणले गर्दा त्यस्ता व्यवसायहरूको बीमालाई निरूत्साहित गरिएको, व्यवसायको अनुभवको आधारमा त्यस्ता सवारी साधनहरूको बीमा गर्दा बढि सचेतता अपनाई बीमा गर्ने गरिएको कारण बीमाशुल्क घट्न गएको र बीमाशुल्क केहि घटेपनि दावीको परिणाम घटेपछि मुनाफामा यसले सकारात्मक प्रभाव पार्ने जानकारी गराउनुभयो ।

बिगतको साधारण सभाबाट यस कम्पनीले जग्गा खरिद गरी आफ्नै कार्यालय भवन निर्माण गर्नुपर्ने संकल्प प्रस्ताव पारित गरे अनुसार जग्गा खरिद गरिएको, भवन निर्माणको लागि सार्वजनिक सूचनाबाट प्रस्ताव आव्हान गरी बिभिन्न इन्जिनियरिङ्ग कन्सल्ट्यान्सीहरू मध्येबाट प्रस्तावित भवनको प्रारम्भिक डिजाइन लिइएको र प्राप्त डिजाइनहरूमध्येबाट सेफ कन्सल्टिङ्ग आर्किटेक्ट एण्ड इन्जिनियरिङ्ग प्रा.लि. लाई भवनको अन्तीम नक्शा निर्माण गर्ने गरी सम्झौता गरिएको, हालसम्मको योजनाको आधारमा आगामी आश्विनसम्म महानगरपालिकाबाट नक्शा पास गरी माघ महिनातिर भवन निर्माणको काम थालनी गर्न सकिने अबस्था रहेको जानकारी गराउनुभयो ।

कर्मचारीहरूलाई दिइने तालिमको लागि कम्पनीका उच्च्व अधिकृतहरू आफ्नै काममा बढि व्यस्त रहनुपरेको कारण उनीहरूले तालिम दिन सक्ने अबस्था नरहेको, बीमा बजारमा दक्ष जनशक्तिको अभाव रहेको, भएका केहि व्यक्तिहरू कुनै न कुनै बीमा कम्पनीसंग आवद्घ रहेको यथार्थता अध्यक्षज्यूले जानकारी गराउनुभयो ।

**ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन:**

अध्यक्षज्यूले २०६५ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरूको सम्बन्धमा शेयरधनीहरूलाई संक्षिप्त जानकारी गराउनुभयो ।

**ग) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५.२६% नगद लाभांश अनुमोदन:**

यस कम्पनीको सञ्चालक समितिले आ.ब. ०६४/६५ को मुनाफाबाट चुक्ता पूंजी रू. १२ करोड ५० लाखको ५.२६ प्रतिशतले हुन आउने रू. ६५,७८,९४७/६९ (पैंसठ्ठी लाख अठहत्तर हजार नौसय सतचालिस र पैसा उनान्सत्तरी मात्र) नगद लाभांश बितरण गर्ने निर्णय गरेको जानकारी सभालाई गराउनुभयो ।

उल्लेखित बिषयहरूको सम्बन्धमा संक्षिप्त जानकारी गराउंदै अध्यक्षज्यूले सञ्चालक समितिको चौथो वार्षिक प्रतिवेदन, २०६५ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरू एवं सञ्चालक समितिको सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५.२६% नगद लाभांश बितरण गर्ने प्रस्ताव पारित गरिदिन अनुरोध गर्दै प्रस्तुत बिषयहरूमा आफ्नो कुनै मन्तव्य भए प्रस्तुत गर्न इच्छुक शेयरधनीहरूलाई आग्रह गर्नुभयो ।

अध्यक्षज्यूको आग्रह पश्चात मन्तव्य व्यक्त गर्ने इच्छा व्यक्त गरी नाम टिपाउनुभएका निम्न शेयरधनीहरूबाट आफ्नो मन्तव्य व्यक्त गर्ने क्रम शुरू भयो:

**श्री दिनेशराज पन्त:**

निर्जीवन बीमा कम्पनीको इतिहासमा यस लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीले ३ वर्षमै लाभांश दिन सफल भएको छ । यसको लागि सञ्चालक समिति, कम्पनीका कर्मचारीहरूलाई बधाई र धन्यवाद दिन चाहन्छु । बिगत कैयौंवर्षदेखि बीमा कम्पनीहरू भाडामा बसेका छन्, तर यो कम्पनीले नक्सालजस्तो महत्वपूर्ण स्थानमा जग्गा लिएर आफ्नै भवन बनाउने क्रममा छ । हामीलाई आशा छ, आगामी छैटौं साधारण सभा सायद त्यहि नयां भवनमा हुनेछ ।

सञ्चालक समितिको प्रतिवेदन निकै राम्रो र पारदर्शी छ । प्रतिवेदनको पहिलो पृष्ठमा "पुस्तक" भन्ने शव्दको सट्टा "प्रतिवेदन" हुनुपर्ने र बिषयहरू उल्लेख गरिएको ठाउंमा पृष्ठ संख्या उल्लेख गर्नुपर्ने, वासलातमा पैसाको हिसाव हटाएर नजिकको रूपैयां राख्ने, नेपाली क्रमानुसार २ अङ्कमा कमा राखी बुझ्न सजिलो बनाउन उपयुक्त हुने, त्यसैगरी पूर्व सञ्चालक श्याम बहादुर श्रेष्ठले अवकास लिएको मिति, समितिका सदस्यहरूले व्यक्तिगत रूपमा प्राप्त गरेको भत्ता उल्लेख गर्ने । आगामी प्रतिवेदनहरूमा कम्पनी सचिवको पनि फोटो राख्न र बीमा समितिले उठाएका बुंदाहरूमा कम्पनीको धारणा पनि

उल्लेख गरिदिने सुझाव दिन चाहन्छु । सञ्चालकहरूको बैठक भत्तामा पनि पनि बृद्धि गर्न आवश्यक देखिन्छ ।

**श्री डम्मरू बल्लभ घिमिरे:**

शेयरधनीहरूको धेरै जिज्ञासाहरू प्रतिवेदनले समेटेको छ । मैले सोध्नै नपाई सम्बोधनका क्रममा अध्यक्षज्यूले मेरा जिज्ञासाहरूको जवाफ दिइसक्नुभएको छ ।

कतिपय १०/१२ बर्षदेखि सञ्चालनमा आएका कम्पनीहरूले समेत लाभांश दिन सकेका छैनन् । यस कम्पनीले ५% लाभांश दिनुलाई अध्यक्षज्यूले भन्नुभए जस्तो "पिनट" नभई हामीहरूको लागि "डिनर" नै हो । यसको लागि सञ्चालक समिति, कम्पनीका कर्मचारीहरूलाई बधाई र धन्यवाद दिन चाहन्छु । कम्पनीले अफिस भवनको लागि आफ्नै जग्गा खरिद गरी भवनको डिजाइन समेत तयार गरिसकेछ, जुन हामीले बाहिर हेर्न पायौं, यसको लागि बधाई र धन्यवाद छ ।

बीमा समितिले धेरै खोजिनीति गर्दा अरूले बीमा समितिले दुःख दियो भन्छन्, तर अध्यक्षज्यूले बीमा समितिले गरेको कामलाई निकै राम्रो शुरूवात हो भन्नुभयो । कम्पनीको हिसावकिताव राम्रोसंग दुरूस्त राख्नुपर्दछ । बीमा समितिले उठाएका बिषयहरू त्यति गम्भीर छैनन् तर आगामी बर्ष यस्तो बिषय पनि उठाउन आवश्यक नपर्ने गरी हिसाव किताव राखियोस् । आगामी वर्षदेखि मिल्छ भने पैसाको हिसाव नराखी नजिकको रूपैयांमा राखियोस् ।

नेपालमा यति धेरै बीमा कम्पनीहरू छन् तर बीमा गर्नुपर्दछ भन्ने चेतनाको बिकास भएको छैन । यस कम्पनीले बीमा समिति समक्ष पहल गरोस् । समय समयमा यस कम्पनी आफैंले पनि यसमा बिशेष कार्यक्रमहरू राखेर जागरूकता ल्याउने प्रयासहरू गरोस् । त्यस्तै सञ्चालक समितिको प्रतिवेदन बिज्ञापनको निःशुल्क माध्यम हो । यस प्रतिवेदनमा आकर्षक तरिकाले पछिल्लो पृष्ठमा सन्देश छापिएको छ तर पनि थप केहि ठाउं छुट्याएर सबै साधारण जनताले बुझ्ने तरिकाबाट कम्पनीको बिज्ञापन गर्नुपर्दछ । अनुसूचि १३(ग) मा १% भन्दा बढि शेयर धारण गर्नेको नाम राखिएको छ । त्यसको साथै संस्थापक र सर्वसाधारणको अलग्गै ठाउं राख्न उपयुक्त हुने सुझाव दिन चाहन्छु ।

**अध्यक्षज्यूको जवाफः**

सुझावको लागि घिमिरेजीलाई धेरै धन्यवाद । हामीले तपाईबाट प्राप्त सुझावहरू नोट गरेका छौं र उपयुक्त देखिएका सुझावहरूलाई अर्को पटक समावेस गर्नेछौं ।

बीमा समितिले सोधेको ४ वटा बुंदाहरूको हकमा पुनर्बीमा कम्पनीसंग लिनुदिनुपर्ने हिसाव राख्ने बिभागका प्रमुख अष्ट्रेलिया गएको र अर्को व्यक्ति भर्ना गरी हिसाव दुरूस्त गर्न समय लाग्यो । तपाईहरू सबैलाई थाहै छ, बीमा कम्पनीको व्यवसायको मुख्य श्रोत भनेका बैंकहरू नै हुन् । मुख्य गरी शाखाहरूमा बैंकले प्रवाह गर्ने कर्जामा सुरक्षणमा राखिएको सम्पत्तीको बीमा गर्नुपर्दछ । बैंकले दिने व्यवसायबाट प्राप्त हुने बीमाशुल्क

जम्मा गर्नको लागि त्यहि बैंकमा खाता खोलिदिनुपर्ने हुन्छ । यसो गर्दा बीमा कम्पनीको सय, डेढसय बैंक खाताहरू हुन पुग्छन् । तर बीमा समितिले मौद्रिक तरलता नपुगेका बैंकको खाता बन्द गर्नु भनी निर्देशन दिंदा त्यो बैंकबाट आउने व्यवसाय पनि बन्द भयो भन्ने गुनासो शाखाहरूबाट आउने गरेको छ । जे भएपनि बीमा समितिको निर्देशनको पालना गर्नुपर्दछ र हामीले खाताहरू बन्द गरेका छौं । तर हामीले खाता बन्द गरेपछि पनि अरूले खाता बन्द गरेनन् र हाम्रो व्यवसाय पनि अरू कम्पनीले लगे भनेर हाम्रा कर्मचारीहरू गुनासो गरिरहेका छन् ।

बीमा समितिको लगानी निर्देशिका छ । बाणिज्य बैंक, बिकास बैंक, फाइनान्स कम्पनीमा लगानी गर्न सकिने सीमा तोकिएको छ । एउटा बैंकमा गरिएको लगानी पछि नविकरण हुंदा केहि सीमा बाहिर पर्न गएको हुंदा बीमा समितिको पत्रमा त्यो उल्लेख गरिएको हो र त्यो निर्देशनपछि त्यसलाई नियमित गरिएको छ ।

**श्री इन्द्रकृष्ण श्रेष्ठ**

प्रतिवेदनमा अध्यक्षज्यूको सही र प्रतिवेदन तयार भएको मिति छुटेको छ, कम्पनी सचिवको फोटो पनि राख्नुपर्दछ । अर्को पटकलाई बिचार गरियोस् । १८ वटा निर्जीवन कम्पनीमध्ये निकै चांडो लाभांश बितरण गर्न यो कम्पनी सक्षम भएको छ । समीक्षा वर्षमा यो कम्पनीले नेपाल सरकारलाई ५८ लाखभन्दा बढि कर तिरेको छ । यो अङ्क प्रतिवेदनमा उल्लेख गर्नु निकै सकारात्मक पक्ष हो ।

कम्पनीमा ९१ जना कर्मचारीमध्ये समानुपातिक हिसावले कति महिला वा पुरूष छन्, छुट्याउनु राम्रो हुन्छ । बाहालमा बस्नुभन्दा दुःख गरेर भएपनि आफ्नै भवन बनाउने उद्देश्यले कम्पनीले जग्गा लिएको छ र भवन बनाउने कार्यक्रम राखेको रहेछ । यो निकै उत्साहप्रद कुरा हो । अब कम्पनीले आगामी घटस्थापनाको दिनमा भवनको जग बसाल्ने उद्देश्यबाट काम गर्नुपर्दछ ।

अतिथी सत्कार खर्च घटेछ । मितव्ययी हुनु राम्रो कुरा हो तर कम्पनीले उत्पादकत्व बृद्धिको लागि खर्च गर्न सक्नुपर्दछ । कर्मचारीहरूलाई समयानुकूल तलब सुबिधाहरू बढाउंदै लैजानु पर्दछ । बीमा संस्थानमा कर्मचारीहरूलाई धेरै सुबिधाहरू छन् । अनुसूचि ५.१ मा कर्मचारीहरूको लागि पोशाक, औषधोपचार, बीमाको सुबिधा दिएको पाइएन । कर्मचारीहरूको मेहनतबाट नै हामीले राम्रो प्रतिफल हांसिल गर्ने भएकोले उनीहरूको लागि समयानुकूल सुबिधा बृद्धि गर्दे जानुपर्दछ । पाना नं. २८ मा सुरक्षा खर्च राखेको पाइएन ।

आगामी पाचौं वार्षिक साधारण सभामा अहिलेको भन्दा धेरै शेयरधनीहरू भाग लिन आउन सक्ने वातावरण तयार गर्न म अनुरोध गर्दछु ।

**अध्यक्षज्यूको जवाफः**

अर्को वर्षको प्रतिवेदनमा सही र मिति राख्नेछौं । कर्मचारीहरूको तलबको बिषयमा हाम्रो कम्पनी स्थापना हुंदा शिखर इन्स्योरेन्स लगायत अन्य केहि नाम चलेका कम्पनीहरूको तलब स्केल र सुबिधा हेरेर हामीले तलब निर्धारण गरेका थियौं र त्यतिखेर हाम्रो तलब अरूको भन्दा केहि बढि नै थियो । तर अहिले आएर अरू कम्पनीले तलब बढाएका छन् भन्ने कुराहरू आए र हामीले तलब सुबिधामा पुनरावलोकनको लागि अरू कम्पनीको तलब सुबिधाको सर्भे गर्ने काम थालेका छौं । त्यसलाई हेरेर के कति बढाउन आबश्यक देखिन्छ, छलफल गरी सञ्चालक समितिले निर्णय गर्नेछ ।

**मेजर कुबेर श्रेष्ठ**

५% दिने सञ्चालक, कर्मचारीलाई धेरै धन्यवाद । नेपालको जनसंख्या ३ करोड पुग्न लागिसक्यो । व्यापारको लागि काठमाडौंलाई मात्रै नहेरौं । पोखरा, बिराटनगर लगायत देशका बिभिन्न शहरहरूमा हाउजिङ्गको लहर चलेको छ, गाडीहरूको संख्या बढेको छ, एयरलाइन्सहरू थपिएका छन् । बीमा कम्पनीहरूको लागि बजार बिस्तार नभएको होइन तर यसको पहिचान गर्न नसकेको कारणले गर्दा बिस्तार हुन नसकेको हो ।

जनताका बीचमा बीमा सम्बन्धी जनचेतना जगाउन अती आवश्यक छ । कुनै पनि व्यक्तिलाई आफ्नो घरको बीमा गरेपछि भोली आगलागी भयो, भत्कियो भने बीमा कम्पनीले क्षतिपूर्ति दिन्छ भन्ने चेतना जागृत गराउन आवश्यक छ । यसको लागि सबै १७ वटा कम्पनी, बीमा समिति, बीमक संघ मिलेर अर्थ मन्त्रालय वा कहां जानुपर्छ जानुस् । हरेक स्कूल स्कूलमा, हस्पिटलमा यस्तो तालिम वा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुस् । स्कूलको पाठ्यक्रममा बीमा सम्बन्धी बिषय समावेस गर्न लगाउनुस् । सबै जनताको दिमागमा बीमा गर्नैपर्ने रहेछ भन्ने चेतना जगाउने काम गर्नुस्, बीमा बजार त्यहां स्वतः उत्पन्न हुन्छ ।

बीमा कम्पनीले अरूको पैसा उठाएर कम्पनी चलाएको हुन्छ । संस्था चलाउनेको नियत राम्रो भयो भने कम्पनी राम्रो हुन्छ । नियत राम्रो नभए धरापमा पर्छ । हिमालय शमशेर जस्तो व्यक्तित्वले चलाएको संस्था पक्कैपनि सफल हुन्छ भन्ने मलाई लागेको छ ।

आगामी वर्ष यस साधारण सभामा वर्षभरीको उत्तम कर्मचारीको घोषणा गर्ने कार्यक्रम ल्याउन सुझाव दिन्छु ।

कम्पनीले व्यवसाय बढाउन नयां नयां स्किमहरू ल्याउनु पर्दछ । अरूले लिन नसकेको काम हामीले गर्न सक्नुपर्दछ । कम्पनीका शेयरधनीहरूलाई लक्षीत गरेर नयां स्किम ल्याउन सुझाव दिन चाहन्छु । यस कम्पनीका शेयरधनीहरूले यस कम्पनीमा बीमा गरेमा नियमानुसारको कमिशन छुट र अन्य बिशेष छुट दिन सकिएमा उनीहरूको सबै

व्यापार यस कम्पनीमा आउंछ र उनीहरूको मार्फतबाट अरू धेरै विजनेस हात पार्न सकिन्छ। यो एउटा बिज्ञापनको राम्रो माध्यम पनि हुन्छ। अर्को कुनै बिशेष घटनाहरू, जस्तो जात्रा, महोत्सव आदिको बीमा गर्न सकिन्छ। त्यस्तै घरपालुवा जन्तुहरूको बीमा गर्न सकिन्छ । त्यसैगरी निर्वाचनको समयमा खटिने उमेद्वार, कार्यकर्ता, कर्मचारीहरूलाई लक्षीत गरी निर्वाचन बीमा गर्न सकिन्छ।

कम्पनीको व्यापार बढाउनको लागि छिटो दावी भुक्तानी गर्न आवश्यक छ। व्यापार लिने बेलामा खुसी बनाएर ल्याउने र दावी तिर्ने बेलामा बिभिन्न बाहानामा सधैं झुलाउने काम भयो भने राम्रो हुंदैन। कर्मचारीहरूलाई यो मेरो कम्पनी हो भन्ने भावनाको बिकास गराउन जरूरी छ। नगद लाभांश दिने भएपछि कहिले बाड्ने हो भन्ने कुरा जान्न पाइयोस्।

**अध्यक्षज्यूको जवाफः**

मेजर श्रेष्ठजीलाई धन्यवाद। यहांले धेरै गहन बिषयहरूमा हामीलाई सुझाव दिनुभयो। त्यसलाई हामी आगामी दिनहरूमा मनन गर्नेछौं। बिशेष गरी मार्केटिङ्लाई यहांले निकै राम्रो मार्गदर्शन दिनुभयो।

नगद लाभांश बितरण गर्ने सम्बन्धमा लाभांश पूर्जा छपाई गरी २०/२२ दिनमा नगद लाभांश दिन सकिने र सोको जानकारी सार्वजनिक सूचनाद्वारा गराईने जानकारी कम्पनी सचिवबाट गराइयो।

**अधिवक्ता श्री अशोक उप्रेतिः**

बीमा कम्पनीहरूको प्रतिष्पर्धामा छोटो अवधीमा नै लाभांश बितरण गर्नु ठूलो उपलव्धी हो। नेपालका जनतालाई बिहान बेलुका के खाने भन्ने चिन्ता छ भने यस्तो अवस्थामा बीमा गर्नुपर्दछ भन्ने जनचेतना कसरी आउंछ ? बीमा सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने दायित्व बोकेको बीमा समिति छ, बीमक संघ छ, कम्पनीहरू छन् र पनि उनीहरूबाट यसतर्फ खासै पहल हुन सकेको छैन।

बढ्दो प्रतिष्पर्धामा नयां बजारको अवधारणाहरू ल्याउनुपर्दछ। नेपालका सहकारीहरूले ४८ अरबको व्यवसाय गर्दछन् भन्ने आंकडा छ र उनीहरूलाई समेट्न सकिएको छैन। उनीहरूलाई पनि बीमा सम्बन्धी जनचेतना अभियानमा सहभागी गराउन सकिन्छ। बीमा सम्बन्धी चेतना जगाउनको लागि नेपालमा रहेका दिग्गज व्यक्तित्वहरूले कुनै पहल गरेका छैनन् र उनीहरूलाई यसमा परिचालन गर्नसक्ने वातावरण तयार गर्नुपर्दछ।

म आफु पनि धेरै वर्षदेखि बीमा कम्पनीहरूसंग सम्बन्धित रहेको कारण यस क्षेत्रका व्यक्तित्वहरूलाई चिन्दछु। रणबहादुर भडेलजी यस कम्पनीमा महाप्रबन्धक भएर आउनु भएछ। उहां निकै अनुभवी र मेहनती हुनुहुन्छ। तर वार्षिक प्रतिवेदन अध्ययन गर्दा उहांलाई ३ वर्षको करारमा राखिएको रहेछ। करारमा काम गर्नेको सेवाको कुनै सुरक्षा हुंदैन । सेवा सुरक्षित पार्नको लागि फेरी सञ्चालकहरूको चाकरी चाप्लुसी गर्ने

परिपाटीको बिकास हुने र काममा उत्साह नआउने अबस्था हुन्छ । त्यसैले उहांलाई कम्पनीमा नियुक्ति गर्न उपयुक्त हुन्छ । अहिले बजारमा रहेका व्यक्तिहरूलाई परिचालन गरेर बीमा सम्बन्धी तालिमहरू सञ्चालन गर्न सकिन्छ ।

छोटो अवधीमा यस कम्पनीले प्रगति गरेकोमा खुसी लागेको छ । वित्तीय बजारमा नेपाल बिकास बैंकको तीतो अनुभव र धक्कालाई यस कम्पनीले मल्हम लगाउन सफल भएको छ ।

**अध्यक्षज्यूको प्रतिक्रियाः**

बीमा क्षेत्रमा जागरण ल्याउन जरूरी छ । यस्तो जागरण के कसरी ल्याउने हो भन्ने बिषयमा हाम्रो बीमक संघ छ । बीमक संघ र बीमा समितिको संयुक्त पहलबाट जागरण अभियान सञ्चालन गर्न जरूरी छ ।

**श्री अमिरदास रञ्जितः**

यस कम्पनीले स्थापनाको तेश्रो र सर्वसाधारणमा गएको पहिलो वर्षमा नै लाभांश बाड्न सफल भएको छ । यसलाई नियमित गर्नको लागि प्रगतिशिल लाभांश योजनाको अवधारणा बिकास गरी योजनाबद्ध रूपले अगाडि बढ्नु पर्दछ । नगद लाभांश भन्दा बोनस शेयर दिन सकेमा कम्पनीको पूंजी क्षमता बढ्छ । यो कम्पनीको सञ्चालक समितिमा निकै सक्षम व्यक्तित्वहरू हुनुहुन्छ । त्यसैले यस कम्पनीको भविश्य पक्कै पनि उज्जल छ भन्ने अनुमान लगाउन सकिन्छ । खुद नाफा बृद्धि गर्नेतर्फ बिचार गर्नुपर्छ ।

कर्मचारीहरूलाई तालिमको आवश्यक छ । शाखा कार्यालयहरूको व्यबसायलाई एउटै छातामुनी ल्याएर अनलाईन सफ्टवेयरलाई प्रयोगमा ल्याउन आवश्यक छ । सञ्चालक श्याम बहादुर श्रेष्ठले छोड्नुभएछ र उहांलाई धन्यवाद दिन कन्जुस्याई नगरौं । बीमा समितिले बीमा कम्पनीहरूबाट १% प्रतिशत रकम लिएको हुन्छ । यो रकम बीमा सम्बन्धी जागरूकता ल्याउन र प्रचार प्रसारमा प्रयोग गर्न सकिन्छ । कम्पनीको प्रचार प्रसारमा र बीमा गराउने बिषयमा यस कम्पनीका शेयरधनीहरूलाई पनि कसरी सहभागी गराउन सकिन्छ भन्नेतर्फ कम्पनीले बिचार गरोस् । शेयरधनीहरूको व्यवसायको बीमा गर्दा एउटा प्याकेजको रूपमा उनीहरूलाई के कस्तो सुबिधा दिन सकिन्छ भन्ने रणनीति आवश्यक छ ।

यस कम्पनीमा बिभिन्न समितिहरूको गठन गरिएको छ र यसलाई प्रतिवेदनमा पारदर्शी रूपमा राखिएको छ । समितिका सदस्यहरू को को हुनुहुन्छ भन्ने नाम समेत दिन सकिएको भए अझ राम्रो हुने थियो । यसरी कम्पनीमा धेरै समितिहरू बनाउंदा व्यवस्थापनलाई दैनिक काम गर्न अप्ठ्यारो पर्ने, छिटो निर्णय गर्न नसक्ने अबस्था त हुंदैन ? भन्ने प्रश्न पनि उब्जिन्छ । लेखापरीक्षण समितिमा चेक एण्ड व्यालेन्सको अबधारणाबाट सर्वसाधारणबाट आएका सञ्चालकलाई अध्यक्षमा राख्ने चलन छ ।

बीमा समितिको निर्देशनको सीमाभित्र रहेर बढि व्याज आउने फाइनान्स कम्पनीहरूमा लगानी गर्न उचित देखिन्छ । जग्गा खरिद र भवन निर्माण गरेपछि आम्दानी घट्न जान्छ र यसलाई कसरी कभर गर्ने भन्ने बिषयमा बिचार गर्नु जरूरी छ । लगानी गर्दा केवल बैंकको डिपोजिट मात्र नभई शेयरमा लगानी गरेमा बढि प्रतिफल प्राप्त गर्न सकिन्छ । यस बिषयमा लगानी बिशेषज्ञहरूको सहायता लिन पनि सकिन्छ । कम्पनीका कर्मचारीहरूको तलब सुबिधा बृद्धि, शेयरधनीलाई प्रतिफल दिने बिषयमा दीर्घकालीन रूपमा सोच्न जरूरी छ । शेयरको मूल्य बढाउन पहल गर्नुपर्‍यो । क्यापिटलाइज्ड भईसकेको रकमलाई सुरक्षित गर्न र आगामी दिनमा बीमा समितिबाट कुनै कैफियत नआउने गरी हिसाव दुरूस्त राख्न सुझाव दिन चाहन्छु ।

**अध्यक्षज्यूको जवाफः**

समितिहरूमा सदस्यहरूको चयन गर्दा जुन सञ्चालकलाई जुन बिषयमा बढि दक्षता छ, त्यहि आधारमा चयन गर्ने गरिएको छ । शेयरमा लगानी गर्न बीमा समितिको निर्देशिकाले रोकेको छ । बैंक फाइनान्समा लगानी गर्न पनि निश्चित शर्तहरू छन् ।

यसै बीच हामीलाई २०६६ साल जेठ मसान्तसम्मको लेखापरीक्षण हुन बाकी व्यवसायको विवरण प्राप्त भएको छ । जस अनुसार हाम्रो आम्दानी १८ करोड ६२ लाख रहेको छ । नाफाको हकमा बढि दावी पर्न गएमा नाफा घट्छ र दावी कम परेमा नाफा बढ्छ ।

**श्री नारायण सुन्दर श्रेष्ठ**

प्रतिवेदनको दोश्रो पृष्ठमा उल्लेखित साधारण सभा सम्बन्धी जानकारीमा प्रोक्सी फारम एकै ठाउंमा बुझाउने व्यबस्था हुनुपर्छ र बिशेष गरी निर्वाचनको समयमा यसले फरक पार्नसक्छ । त्यसरी सक्कल प्रमाणपत्र लिई आउनुको सट्टा त्यसको फोटोकपी वा कुनै परिचयपत्र लिई आएमा पनि हुने व्यबस्था गर्नुपर्छ । झोला नल्याउने बिषय पहिला शान्तिसुरक्षा बिग्रेको अबस्थामा हो अहिले त्यो आवश्यक छैन ।

हांजिरी साधारण सभा अवधीभर हुने व्यवस्था गर्नुपर्दछ । सूचिकृत कम्पनीले शेयरधनीलाई प्रतिवेदन पठाउनुको सट्टा संक्षिप्त आर्थिक विवरण प्रकाशित गरेमा हुने व्यबस्था कम्पनी ऐनमा छ । त्यसरी प्रकाशित गरेपछि प्रतिवेदन नै चाहिने शेयरधनीलाई कार्यालय समयभित्र कम्पनीमा आई लिन सकिने व्यबस्था गर्न सकिन्छ । बिषय सूचिहरूमा प्रस्तावित बिषयहरू अनुमोदन नभई छलफल गरी पारित गर्ने भनी उल्लेख गर्नुपर्दछ । लेखापरीक्षण समितिबाट कम्तीमा २ जनाको नाम सिफारिस आउनुपर्दछ ।

प्रविण जोशीको रिपोर्टमा के कुरा सुधार गर्न भनिएको छ, त्यो खुलाएर कति सुधार भए भन्ने कुरा पनि उल्लेख गरेको भए हुनेथियो । कर्मचारीलाई तालिम दिने बिषयमा छोटो समयको तालिम दिनुपर्दछ र लामो तालिमले कम्पनीका कामलाई असर पार्छ । प्रशिक्षित कर्मचारी नै भर्ना गर्न सकिए त्यो तालिम दिनुभन्दा राम्रो हुन्छ ।

स्वतन्त्र सञ्चालक नियुक्त गर्दा कम्पनीले चिन्दै नचिनेको र कम्पनीप्रति कतै बफादार नभएको व्यक्तिलाई सञ्चालक राख्दा समस्या हुन्छ । बैंकहरूको यस्तै नियमले गर्दा उनीहरूलाई नकारात्मक असर पऱ्यो । त्यस्ता सञ्चालकहरू पठाउंदा बीमा समितिको दायित्व अन्तर्गत पर्ने गरी पठाउन र हामीले बाहिरबाट सञ्चालक ल्याउन नसक्ने कुरा गर्नुपऱ्यो ।

एउटा कम्पनीमा ५ वटा समिति छ । धेरै समितिमा एउटै व्यक्ति दोहोऱ्याएर राख्नु राम्रो होइन । सञ्चालक समिति नै भएको ठाउंमा यति धेरै समिति राख्नु कत्तिको उपयुक्त छ, बिचार गर्न आवश्यक छ ।

कम्पनीको कूल आम्दानी अनुसार लक्ष्य हांसिल गर्न सकिएको छैन । हामीलाई पहिलाको आम्दानी र लगानीबाट तानेर लाभांश दिइएको हो । लाभांश अहिले दिएर पछि दिन सकिन्न कि भन्ने तर्फ बिचार गर्नुपर्दछ ।

बढि आम्दानी गर्ने र नाफा बढाउने उपायहरूको बारेमा सोचौं । ५% लाभांश दिएर धेरै लगानी गर्ने संस्थापकहरूलाई त ठिकै होला, साना लगानीकर्तालाई त्यसले प्रतिफल दिदैन । त्यो लिन आउने जाने खर्चमै जान्छ । बरू त्यसको शेयर नै दिएको भए हुन्थ्यो । यसबाट कम्पनीको रिजर्भ र पूंजी पनि बढ्थ्यो । कम्पनीको पूंजी बढाउनको लागि सके बोनस शेयर नभए हकप्रद शेयर जारी गरौं, कम्पनीको चुक्ता पूंजी २५ करोड नै पुऱ्याउं । पूंजी बढाउने र रिजर्भ फण्ड राखेमा कम्पनी बलियो हुन्छ ।

बीमा समितिको पत्रमा उल्लेख गरिए अनुसार लेखापरीक्षकका कैफियतहरू देखिएन । लेखापरीक्षक नियुक्त गर्दा बीमामा पूरा अनुभव भएकालाई नियुक्त गर्नुपर्दछ । हामीले गरेको लगानीको प्रतिफल दिनुस्, कर्मचारीहरूले लिनुस्, र सञ्चालकहरूले राम्रो बैठक भत्ता लिनु ।

समग्र रूपमा कम्पनीका अबस्था राम्रो छ । हामीले हतोत्साही हुनुपर्ने कुनै कुरा छैन । भविश्यमा केहि सुधार होला भन्ने अभिप्रायले यति कुरा भनेको हुं ।

**अध्यक्षज्यूको जवाफः**

नारायण सुन्दरजी, बांसको काईयोको जमाना गईसक्यो । यहांले बांसको काईयोले कोरेर कपालमा भएको सबै मयल निकाले जस्तै धेरै बुंदाहरू औंल्याउनुभयो । त्यसको लागि धन्यवाद । यहांका सुझावहरू हामीले नोट गरेका छौं । बिषय सूचिको शिर्षक लामो हुनुहुन्न भन्ने सर्वस्वीकृत परम्पराको बिषय हो । शिर्षकमा नै छलफलका बिषय सूचि भनिसकेपछि फेरी प्रत्येक विषय सूचिमा “छलफल” भनिरहनु पर्दैन । “अनुमोदन” वा “पारित” भन्ने शव्द आगामी दिनमा हेरेर गर्नेछौं ।

आम्दानी भन्नाले बीमाशुल्क मात्रै हो भन्ने होइन, यसमा लगानी लगायत अन्य आम्दानी पनि हुन्छन् र कूल आम्दानी नै कम्पनीको आम्दानी हो । समितिहरू धेरै भए भन्ने सम्बन्धमा लेखापरीक्षण समिति कम्पनी ऐन अनुसार राख्नैपर्दछ । हाम्रो कर्मचारी

विनियम अनुसार मानविकी संशाधन उप-समिति राख्ने व्यबस्था छ । लगानीको लागि लगानी समिति चाहियो र दावीहरूको फछ्र्यौट गर्नको लागि दावी समिति चाहियो । कार्यकारी समितिले के के गर्ने भन्ने बिषयमा बिचार गरौंला । लाभांश दिएकोमा अरू सबैले स्वागत गरे । त्यसैले यो प्रस्ताव उचित नै होला जस्तो लाग्यो ।

छलफलको क्रम समाप्त भएपश्चात अध्यक्षज्यूले सञ्चालक समितिको चौथो वार्षिक प्रतिवेदन, २०६५ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा नोक्सान हिसाव, सोही अबधीको नगद प्रवाह विवरण, सोसंग सम्बन्धित अनुसूचिहरू र चुक्ता पूंजीको ५.२६ प्रतिशत नगद लाभांश बितरण गर्ने सञ्चालक समितिको सिफारिस पारित गरिदिन सभासमक्ष प्रताव गर्नुभयो ।

## सभाको निर्णय

क) यी छलफलहरू पश्चात सभामा प्रस्तुत आ.ब. २०६४/०६५ को सञ्चालक समितिको चौथो बार्षिक प्रतिवेदन पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

ख) सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/०६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र अनुसूचिहरू पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

ग) सञ्चालक समितिले सिफारिस गरे अनुसार आ.ब. ०६४/६५ को मुनाफाबाट चुक्ता पूंजी रू. १२ करोड ५० लाखको ५.२६ प्रतिशतले हुन आउने रू. ६५,७८,९४७/६९ (पैंसठ्ठी लाख अठहत्तर हजार नौसय सतचालिस र पैसा उनान्सत्तरी मात्र) नगद लाभांश बितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

## घ) आ.ब. २०६५/०६६ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक:

यस कम्पनीको आ.ब. २०६५/६६ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक सिफारिस गर्ने बिषयमा लेखापरीक्षण समितिका अध्यक्ष श्री मनोहर दास मुललाई प्रस्तुत प्रस्तावको सम्बन्धमा प्रकाश पारिदिनुहुन आग्रह गर्नुभयो ।

**श्री मनोहर दास मुलः**

आर्थिक वर्ष २०६४/६५ मा यस कम्पनीको लेखापरीक्षण गर्नको लागि बिभिन्न चार्टर्ड एकाउण्टेण्ट फर्महरूबाट प्रस्ताव आव्हान गरी बिस्तृत अध्ययन र वार्तापछि समितिले सिफरिस गरे अनुसार यसै सभाद्वारा टि.आर. उपाध्याय एण्ड कम्पनीलाई रू.१,५०,०००/- पारिश्रमिक दिने गरी नियुक्त गरिएको थियो । सो आ.ब. को

लेखापरीक्षणको अनुभवको दौरानमा श्री टि.आर. उपाध्याय एण्ड निकै मिहिन र व्यवसायिक तरिकाले कम्पनीको लेखापरीक्षण गर्नुभएको, बीमा समितिको निर्देशिका अनुसार कम्पनीको वित्तीय विवरणलाई सोही बमोजिम व्यवस्थित गर्न महत्वपूर्ण भूमिका निर्वाहा गर्नुभएको थियो । सोही भूमिकालाई मध्यनजर गरी हामीले आ.ब. २०६५/६६ को लागि समेत लेखापरीक्षकमा श्री टि.आर. उपाध्याय एण्ड कम्पनीलाई नियुक्त गर्न सिफारिस गरेका छौं । निजलाई दिने पारिश्रमिकको हकमा हालको मूल्यबृद्धि र बीमा समितिको निर्देशिका बमोजिम गर्नुपर्ने थप कामको लागि गत वर्षको तुलनामा १० प्रतिशतले बृद्धि गरी रू. १,६५,०००/- दिनको लागि प्रस्ताव गरेका छौं ।

उल्लेखित प्रस्तावमाथि सभामा उपस्थित शेयरधनीहरूले आफ्नो मन्तव्य राख्दै गत वर्ष उपलव्ध गराइएको पारिश्रमिक नै उचित भएको र त्योभन्दा बढाउन आवश्यक नरहेको धारणा व्यक्त गर्नुभयो । लेखापरीक्षण समितिका अध्यक्ष मनोहर दास मुलज्यूले शेयरधनीहरूको भावनालाई दृष्टिगत गरी यस कम्पनीको २०६६ साल असार मसान्तको वासलात, आ.ब. २०६५/०६६ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण, कर लेखापरीक्षण र कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्न समेत श्री टि.आर. उपाध्याय एण्ड कम्पनीलाई रू. १,५०,०००/- (एक लाख पचास हजार) पारिश्रमिक दिने गरी नियुक्त गर्ने प्रस्ताव गर्नुभयो र सो प्रस्तावलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

ङ) **<u>बिबिध:</u>**

विविध शिर्षक अन्तर्गत अध्यक्षज्यूले निम्न जानकारी गराउनुभयो:

कम्पनीलाई मुनाफामा लैजानको लागि हामीले व्यवसाय बढाउनुपर्दछ । नाफामूलक व्यबसाय बढाउनुपऱ्यो भन्ने कुराहरू आयो । निश्चित रूपमा हाम्रो व्यवसायको केक सानो छ र सबैले यो बांडीचुंडी खाने हो । नाफा बढाउन निकै गाऱ्हो छ । आपसी छिनाझप्टी छ ।

यस कम्पनीको गठन अली बेग्लै छ । हाम्रा ३४ जना संस्थापकहरू छन् । अरू नभएपनि उनीहरूको सबै व्यवसाय प्राप्त गर्न सकिएमा मात्रै पनि हामीलाई पुग्छ भन्ने हाम्रो सोचाई थियो । तर यो आर्थिक वर्षमा उनीहरूबाट अहिलेसम्म ९३ लाख मात्रै व्यवसाय आएको छ । यस अबस्थामा म हाम्रा संस्थापक तथा सर्बसाधारण सबै शेयरधनीहरूलाई तपाईहरूको बीमा यसै कम्पनीमा गर्नुहुन अनुरोध गर्दछु । शेयरधनीहरूको लागि नयां स्किम ल्याउनुपऱ्यो भन्ने आवाज आएको छ । त्यसलाई कसरी कार्यान्वयनमा ल्याउने भन्ने उपाय निकाल्ने छौं । यहांको आफ्नो, परिवार र मित्रहरूको बीमा यसै कम्पनीमा गर्नको लागि अनुरोध गर्दछु ।

**धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूबाट आफ्नो बहुमूल्य समय दिई छलफलमा सक्रिय सहभागी हुनु भई उपयोगी सुझावहरू प्रदान गर्नुभएकोमा र सभालाई सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नुभएकोमा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गरिएको घोषणा गर्नुभयो ।

देवेन्द्र कोइराला<br>कम्पनी सचिव

..

हिमालय शमशेर ज.ब.राणा<br>अध्यक्ष